श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएको संशोधनहरूसहित) को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

वादी श्री ५ का सरकार प्रतिवादी दानबहादुर बिरू गुरुङसमेत भएको चोरी गैंडा मार्‍यो, राइफल चोरी गर्‍यो भन्ने मुद्दाहरू र तत् सम्बन्धित कृषि, वन मन्त्रालयमार्फत नेपाल विशेष अदालतमा दायर भएका मुद्दाहरू उक्त अदालतबाट झिकी कारवाइ किनारा लगाउन काठमाडौं विशेष अदालतलाई सुम्पिएको छ ।

आज्ञाले–
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय ।

## भूल सुधार

२०१९ साल आषाढ १९ गतेको खण्ड १२ अतिरिक्ताङ्क ९ को नेपाल गजेट भाग ३ मा प्रकाशित निजामती सेवा (संशोधन) नियमावली २०१८ को परिच्छेद ५ को नियम ६ को उपनियम (३) को देहाय निम्नलिखितानुसार हुनुपर्ने भएकोले भूल सुधार गरिएको छ ।

संचित बिरामी बिदाको अवधि × नोकरीबाट अवकाश लिएको दिनको तलब
―――――――――――――――――――――――
२

गृह मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।